# नेपालको सन्दर्भमा दूर शिक्षा तथा खुला विद्यालय

**माधवप्रसाद दाहाल**

उपनिर्देशक, शैक्षिक जनशक्ति विकास केन्द्र

## लेखसार

**सबैका लागि शिक्षाको पहुँचको सुनिश्चिततताका लागि साधन स्रोत सम्पन्न व्यवस्थित खुला सिकाइ प्रणाली र दूर शिक्षा विधिको प्रयोग एवम् कार्यान्वयन पक्षलाई अन्तर्राष्ट्रिय अवस्था र गतिविधि समेत हेरी हाम्रो सन्दर्भमा विशेष प्राथमिकतामा पार्नुपर्ने विषय भएको छ। काममा आधारित भई शिक्षा दिनुलिनु पर्ने बाध्यता, गरिबी, भौगोलिक विकटता,जातीय र भाषिक विविधता, आधुनिक प्रविधिमा पहुँच जस्ता कारणले नेपालमा दूर शिक्षा तथा खुला सिकाइ प्रणाली अनिवार्य आवश्यकताका रूपमा रहेको छ। नेपालमा शैक्षिक रेडियो कार्यक्रम मार्फत शिक्षक तालिम, विद्यार्थी सहयोग र अभिभावक सचेतना, पेसागत क्षमता विकास र वैकल्पिक शिक्षाका रूपमा खुला विद्यालय सञ्चालन पद्धति जस्ता कार्यक्रमहरू प्रयोगमा आएका छन्। निम्न माध्यमिक र माध्यमिक तह कक्षा ९ र १० सम्म खुला विद्यालयको विभिन्न तरिकाबाट प्रयोग र कार्यान्वयन भइरहेको सन्दर्भमा कक्षा ११ र १२ तथा विश्व विद्यालय स्तरमा पनि यसको पहुँच वृद्धि गरी समकक्षता बोर्डको स्थापना गर्न अपरिहार्य भइसकेको छ। प्रस्तुत लेखमा दूर तथा खुला सिकाइ पद्धतिको ऐतिहासिक पृष्ठभूमि, दूर शिक्षा तथा खुला सिकाइ पद्धति र यस सम्बन्धी मौजुदा नीतिगत व्यवस्था, नेपालमा दूर तथा खुला सिकाइमार्फत सञ्चालित कार्यक्रमहरूको वर्गीकरण, खुला विद्यालयको उद्देश्य, आवश्यकता र लक्षित समूह, खुला विद्यालयमा शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनका आधारहरू, खुला विद्यालयको व्यवस्थापन, दूर शिक्षा पद्धतिमा आधारित पेसागत क्षमता विकास कार्यक्रम, विद्यार्थी सहायता प्रणाली, विश्व विद्यालय तहमा दूर तथा खुला सिकाइ कार्यक्रम दूर शिक्षा तथा खुला विद्यालय सम्बन्धी समस्याहरू र समस्या समाधानका उपायहरूको बारेमा सङ्क्षिप्त जानकारी दिने प्रयास गरिएको छ।**

## (क) ऐतिहासिक पृष्ठभूमि

### (अ) नेपालको सन्दर्भ

वि.सं. २०१४ मा युवाहरूका लागि कलेज अफ एजुकेसनको प्रौढ शिक्षा शाखाबाट हप्तामा एक पटक रेडियो प्रसारण गरिएको कार्यक्रमलाई नै खुला तथा दूर शिक्षा पद्धतिको पहिलो प्रयास मान्न सकिन्छ। वि.सं. २०१९ देखि शैक्षिक रेडियो कार्यक्रम हप्तामा दुई पटक प्रसारण गर्न थालियो। वि.सं. २०३० वैशाख १० गते देखि विद्यार्थीकेन्द्रित पाठ्यक्रम र पाठ्य सामग्रीमा आधारित रेडियो कार्यक्रमको प्रसारण गरिएको थियो। त्यसपछि पत्राचारमा आधारित शिक्षक तालिम कोर्स सञ्चालन गरियो र रेडियो नेपालबाट अन्डर एसएलसी शिक्षकहरूका लागि 'बी' लेभलको तालिम सञ्चालन गरिएको थियो। वि.सं. २०३५ मा रेडियो शिक्षा शिक्षक तालिम आयोजनाको स्थापना भएको र यसलाई यु.एस.ए.आइ.डी.को आर्थिक सहयोगमा शिक्षा मन्त्रालयले संस्थागत रूप दिने कार्य गरेको थियो। यस आयोजनाको प्रथम र द्वितीय चरणमा ६४९२ जना अन्डर एसएलसी शिक्षकहरूले 'बी' लेभलको सेवाकालीन तालिम लिएको पाइन्छ। वि.सं. २०४० मा यस कार्यक्रमको मध्यावधि मूल्याङ्कनपछि प्राथमिक शिक्षकहरूको शैक्षिक योग्यता बढाउनु पर्ने र अङ्ग्रेजी विषयको ट्युसन कार्यक्रम सञ्चालन गर्नुपर्ने प्रतिवेदन पेस गरियो। त्यसपछि वि.सं. २०४४ मा प्राथमिक शिक्षकहरूको योग्यता एसएलसी हुनुपर्ने निर्णय भएपछि वि.सं. २०४५ असार १२ गते देखि वि.सं. २०५० सम्म यस आयोजनाले दूर शिक्षा विधिमार्फत प्राथमिक शिक्षक तालिम कार्यक्रम सञ्चालन गर्‍यो।

राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन २०४९ अनुसार शिक्षा मन्त्रालयअन्तर्गत दूर शिक्षा केन्द्रको स्थापना वि.सं. २०५० मा भयो र यसले प्राथमिक तहका शिक्षकहरूलाई रेडियोमार्फत सेवाकालीन तालिम र शैक्षिक सन्देश/चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ। वि.सं. २०६१ मा दूर शिक्षा केन्द्र,

शैक्षिक जनशक्ति विकास केन्द्रमा एकीकृत (Merge) भएदेखि हालसम्म प्राथमिक तहदेखि माध्यमिक तहसम्मका शिक्षकहरूलाई पेसागत सहयोग सम्बन्धी तालिम कार्यक्रम, एसएलसी सहयोग कार्यक्रम, शिक्षासँग सम्बद्ध र सरोकार राख्ने आम श्रोता तथा अभिभावकहरूलाई सुसूचित गर्न शैक्षिक रेडियो कार्यक्रमअन्तर्गत दूर शिक्षाको माध्यमबाट रेडियो नेपालमार्फत हाल प्रत्येक हप्तामा चार पटक निम्नानुसार कार्यक्रम सञ्चालन भई रहेको छ ।

| क्र.सं. | बार | प्रसारण गरिने विषय | समय |
|---|---|---|---|
| १. | आइतबार | शिक्षासम्बन्धी ऐन, नियम, नियमावली, शैक्षिक नीति, योजना, कार्यक्रम र निर्देशिकाहरू | वेलुकी ७.३०-७.४५ बजे सम्म |
| २. | मङ्गलबार | शिक्षक सहयोग कार्यक्रम | वेलुकी ७.३०-७.४५ बजे सम्म |
| ३. | विहिबार | शिक्षासँग सम्बन्धित समसामयिक गतिविधिहरू | वेलुकी ७.३०-७.४५ बजे सम्म |
| ४. | शनिबार | विद्यार्थी सहयोग, सल्लाह, परामर्श र अभिभावक सचेतना | वेलुकी ७.३०-७.४५ बजे सम्म |

**(आ) अन्तर्राष्ट्रिय सन्दर्भ**

खुला शिक्षा प्रदान गर्ने कार्यको थालनीको रूपमा सन १८४० मा चिठी पत्र/पत्राचारको माध्यमबाट वेलायतले सुरु गरेको देखिन्छ । सन् १८७३ मा अमेरिकाले घरमा अध्ययन गर्ने समाज (Home Study Society) को स्थापना गरी दूर शिक्षा कार्यक्रमलाई अघि बढाएको पाइन्छ । त्यसै गरी सन् १९२६ मा तत्कालीन सोभियत सङ्घले चिठीपत्रबाट अध्ययन गर्ने विभागको स्थापना गरेको देखिन्छ । पछि बेलायतले सन् १९६९ मा खुला विश्व विद्यालय ऐन निर्माण गरी सन् १९७१ देखि विषयगत कोर्स (Course) सञ्चालन गरेको पाइन्छ । पाकिस्तानमा सन् १९७४ मा संसदमा विधेयक पास भएर बनेको राष्ट्रिय खुला विश्व विद्यालयलाई सन् १९७७ मा अलामा इक्वाल खुला विश्व विद्यालय नामकरण गरी हाल विद्युतीय विश्व विद्यालय (Virtual University) मार्फत विभिन्न शैक्षिक कार्यक्रमहरू सञ्चालन भइरहेका छन् । यसै क्रममा सन् १९८५ मा भारतमा इन्दिरा गान्धी खुला विश्व विद्यालय स्थापना भएको थियो । भारतमा खुला विद्यालय सञ्चालन गर्नका लागि राष्ट्रिय खुला विद्यालय (National Institute of Open School-NIOS) को स्थापना सन् १९८९ मा गरिएको पाइन्छ । खुला विद्यालय र खुला विश्व विद्यालय गरी १२ ओटा संस्था खुला शिक्षामा कार्यरत छन् । विश्वको सबैभन्दा ठूलो खुला सिकाइ पद्धति भारतमा रहेको छ । श्रीलङ्काले सन् १९८० मा सुरु गरेको खुला विश्व विद्यालयमार्फत उच्च शिक्षा तथा निरन्तर शिक्षा र साक्षरता कार्यक्रम सञ्चालन गर्दै आएको पाइन्छ । माल्दिभ्सले दूर शिक्षाको माध्यमबाट टापुहरूबिच शैक्षिक समन्वय गर्दै रेडियो शिक्षा कार्यक्रम सञ्चालन गरेको पाइन्छ । चिनले अनलाइन विश्व विद्यालय तथा रेडियो, टेलिभिजन विश्व विद्यालयमार्फत विद्युतीय सिकाइ (e-Learnirg) मा आधारित कार्यक्रमहरू सञ्चालन गरेको पाइन्छ । भुटानले अस्ट्रेलियाको युनिभर्सिटी अफ न्यु इङल्यान्डसँग सम्बन्ध राखेर केही समय अस्ट्रेलियामा पढ्ने र केही समय भुटानमा काम गर्ने एवम् पढ्ने व्यवस्था मिलाइ मिश्रित ढाँचाअनुरूप खुला विश्वविद्यालय पद्धति सञ्चालन गरेको पाइन्छ ।

**(ख) दूर शिक्षा तथा खुला सिकाइ पद्धति**

औपचारिक नीति नियम वा वन्धनमा नरही सीमित पूर्वाधारहरूका आधारमा आफू बसेको स्थान वा काम गरिरहेको स्थानबाट आफ्नो गतिअनुसार हासिल गरिने शिक्षा खुला सिकाइ हो । यो उमेर, समय, शिक्षण विधि, स्थान र सिकारुको गतिको हिसाबले खुला हुने भएकाले खुला शिक्षा वैकल्पिक पद्धति पनि हो । यस पद्धतिबाट शिक्षा हासिल गर्दा सिकारुहरूलाई धेरै अवसरहरू प्राप्त हुन्छन् । खुला शिक्षा प्रणाली दूर शिक्षा विधिअनुरूप सञ्चालन गरिन्छ । यो विधि निर्धारित पाठ्यक्रम तथा

उद्‌देश्यमा आधारित हुन्छ । निश्चित माध्यमबाट प्रयोगमा ल्याइएको हुन्छ । त्यसैले दूर शिक्षालाई खुला विद्यालय/विश्व विद्यालय सञ्चालन गर्ने विधिका रूपमा लिन सकिन्छ । दूर शिक्षामा औपचारिक विद्यालयमा जस्तो विद्यार्थी र शिक्षक भौतिकरूपमा नजिक हुँदैनन् । आम्ने साम्ने (Face to Face) अन्तर्क्रिया हुँदैन । यसमा त सञ्चार माध्यमहरूको प्रयोग गरी दोहोरो सञ्चार हुने, समय समयमा सम्पर्क कक्षा सञ्चालन गरी आमने सामने बैठक र कार्यशाला सञ्चालन हुन सक्दछन् । संयुक्त राज्य अमेरिकाको दूर सिकाइ सङ्घ (Distance Learning Association - DLA) का अनुसार सबै प्रविधिहरूलाई समेटी दूर सिकारुका विभिन्न रूपहरू भित्र्याएर सूचना र शिक्षणको माध्यमबाट प्राप्त हुने ज्ञान तथा सिपलाई नै दूर तथा खुला शिक्षा पद्धति हो :

**(ग) नीतिगत व्यवस्था**

सबैका लागि शिक्षाको पहुँच र अवसर प्रदान गर्ने मूल ध्ययेका साथ औपचारिक शिक्षा पद्धतिका अतिरिक्त स्वाध्यायन र अभ्यासद्वारा आफ्नो अनुकूल समय मिलाएर आफ्नै क्षमता र गतिमा विद्यालय शिक्षाको अवसर उपलब्ध गराउन वैकल्पिक पद्धतिका रूपमा नेपाल सरकारबाट जारी भएका दूर शिक्षा तथा खुला सिकाइ सम्बन्धी निम्नानुसारका दस्तावेजहरूलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा लिन सकिन्छ ।

- खुला शिक्षा तथा दूर सिकाइ सम्बन्धी नीति, २०६३
- विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२)
- राष्ट्रिय स्तरका शिक्षा आयोगका प्रतिवेदनहरू (विशेषत : राष्ट्रिय शिक्षा आयोगको प्रतिवेदन, २०४९ र उच्च स्तरीय राष्ट्रिय शिक्षा आयोग, २०५५)
- सबैका लागि शिक्षा राष्ट्रिय कार्ययोजना, (२००१-२०१५)
- तेरौं योजना (आ.व. २०७०/७१-२०७२।७३ को आधारपत्र
- राष्ट्रिय पाठ्यक्रम प्रारूप, २०६३
- अनौपचारिक शिक्षा नीति, २०६३
- दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका, २०६३ (तेस्रो संशोधन २०७० सहित)
- शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली, २०५९

**(घ) नेपालमा सञ्चालित खुला विद्यालयको उद्‌देश्य, आवश्यकता र लक्षित समूह**

**उद्‌देश्य**

विद्‌यमान शिक्षा प्रणालीको पुरकको रूपमा विद्यालय शिक्षाको अवसरबाट बाहिर रहेका केटाकेटीहरू, अवसरबाट वञ्चित समुदाय, कामदार, गृहिणी पेसाकर्मी आदि विभिन्न समूहलाई विद्यालय र उच्च शिक्षाको पहुँचभित्र पुऱ्याउन सेवा विस्तार गर्ने उद्‌देश्य रहेको छ ।

**आवश्यकता**

- औपचारिक शिक्षामा नियमितरूपमा कक्षा कोठाभित्र पुरा समय दिन असमर्थ हुनेहरूका लागि स्वाध्यायन सामग्रीबाट न्यूनतम आवश्यकता पूरा गरेर शिक्षा प्राप्त गर्ने अवसर प्रदान गर्न
- रोजगारी, व्यवसाय लगायतका विभिन्न कारणले विद्यालय शिक्षाको अवसरबाट वञ्चित समूहको आवश्यकताअनुरूप शिक्षा प्रदान गर्न
- तोकिएको न्यूनतम शिक्षा हासिल गरेका र माध्यमिक तहमा अध्ययन गर्न असमर्थ समूहलाई रोजगारीमा प्रवेशका लागि व्यावसायिक तालिम प्रदान गर्न
- द्वन्द्वबाट प्रभावित भएका कारणले विद्यालय जान नसकेका वञ्चित समूहलाई शिक्षा आर्जन गर्ने अवसर प्रदान गर्न
- वैकल्पिक शिक्षा पद्धतिमार्फत अध्ययन गर्न चाहनेहरूका लागि अवसर प्रदान गर्न
- भौगोलिक दृष्टिले अति विकट क्षेत्र तथा शैक्षिक, सामाजिक, आर्थिक कारणले पिछडिएका जनसमुदायको विद्यालयस्तरको शैक्षिक अवसर सुनिश्चित गर्न ।

**लक्षित समूहहरू**

- विद्यालय वा विश्वविद्यालयमा नियमित उपस्थित हुन नसक्नेहरू
- पिछडिएका वर्गहरू र दुर्गम ठाउँमा बसोबास गर्नेहरू एवम् घर छाड्न नसकी उच्च शिक्षा प्राप्त गर्नबाट वञ्चित व्यक्तिहरू
- पेसागत क्षमता विकास गर्न चाहनेहरू र अध्ययन अनुसन्धानकर्ताहरू
- पेसामा व्यस्त हुने तर उच्च अध्ययन गर्ने इच्छा भएका समूहहरू
- सिकाइ र आयआर्जन (Learning Plus Earning) दुवै गर्न चाहनेहरू

खुला शिक्षा तथा दूर सिकाइसम्बन्धी नीति २०६३ जारी भएपछि शैक्षिक सत्र २०६४ मा ५ ओटा, शैक्षिक सत्र २०६५ मा १७ ओटा, शैक्षिक सत्र २०६६ मा ३१ ओटा र शैक्षिक सत्र २०६७ मा ३२ ओटा गरी ७५ ओटै जिल्लामा कम्तिमा १/१ ओटा पर्ने गरी कुल ८५ ओटा खुला विद्यालयहरू मध्ये (चितवन जिल्लामा रहेको जनसैनिक विद्यालय शक्तिखोर सञ्चालनमा नरहेको) हाल ८४ ओटा खुला विद्यालयहरू सञ्चालनमा रहेका छन् । यी विद्यालयहरूबाट हालसम्म करिव ११ हजार भन्दा बढी विद्यार्थीहरूले एसएलसी परीक्षा उत्तीर्ण गरिसकेको पाइन्छ ।

## (ङ) नेपालमा दूर तथा खुला सिकाइमार्फत सञ्चालित कार्यक्रमहरूको वर्गीकरण

हाल सञ्चालित विभिन्न कार्यक्रमहरूको आधारमा निम्नानुसार चार भागमा वर्गीकरण गर्ने प्रयास गरिएको छ ।

- शिक्षामा पहुँच अभिवृद्धि गर्ने कार्यक्रम
- शैक्षिक गुणस्तर वृद्धि गर्ने कार्यक्रम
- शिक्षकहरूका लागि तालिम सञ्चालन गर्ने कार्यक्रम
- सन्देशमूलक र चेतनामूलक कार्यक्रम

## (च) नेपालमा सञ्चालित खुला विद्यालयमा शिक्षण सिकाइ प्रक्रिया र मूल्याङ्कनका आधारहरू

### (अ) शिक्षण सिकाइ प्रक्रिया

शैक्षिक जनशक्ति विकास केन्द्रबाट औपचारिक शिक्षाको पाठ्यक्रम र पाठ्यपुस्तकमा आधारित भई मुद्रित सामग्रीका रूपमा स्वाध्यायन सामग्रीको विकास गरिएको छ । तोकिएको समयमा सञ्चालन गरिने सम्पर्क कक्षामा छलफल, प्रश्नोत्तर, व्याख्यान, परियोजना कार्य, खोज तथा प्रदर्शन विधि र अवलोकन विधिको प्रयोग गरिन्छ । त्यसै गरी श्रव्यदृश्य सामग्रीहरूको विकास गरी डिभिडिहरूको उपलब्धता र सूचना प्रविधिमा आधारित सामग्री- मल्टिमिडिया (अनलाइन/अफलाइन), इन्टरनेट, वेबसाइट, फोन इन, श्रव्य तथा दृश्य, कन्फ्रेन्सिङ सञ्चालन गर्न सकिने व्यवस्था मिलाइएको छ । मूलतः यस प्रणालीमा निम्न तिन पक्षमा विशेष जोड दिइएको छ ।

- स्वाध्यायन (Self Study)
- सम्पर्क कक्षामा आम्ने साम्ने छलफल
- सूचना प्रविधिमा आधारित शिक्षण

### (आ) मूल्याङ्कनका आधारहरू

कुल १०० पूर्णाङ्कमध्ये खुला विद्यालयका विद्यार्थीहरूको नियमितता र सहभागितामा १० पूर्णाङ्क, गृहकार्य/परियोजना कार्य र प्रयोगात्मक कार्यमा ३० पूर्णाङ्क, चौथो सम्पर्क कक्षामा गरिने मध्यावधि परीक्षामा २० पूर्णाङ्क र अन्तिम परीक्षामा ४० पूर्णाङ्क गरी अङ्क विभाजन गरिएको छ भने उत्तीर्णाङ्क जम्मा ३७ तोकिएको छ ।

## (छ) नेपालमा सञ्चालित खुला विद्यालयको व्यवस्थापन पक्ष

नेपालमा खुला विद्यालय व्यवस्थापन पक्षअन्तर्गत विविध खाले सहयोग उपलब्ध हुने बाटो खुला भए

तापनि सामान्यतः व्यवस्थापन पक्षभित्र निम्न कुराहरूमा विशेष जोड दिइएको छ ।

- स्वाध्यायन सामग्रीको विकास- औपचारिक पाठ्यपुस्तकलाई सरलीकरण गरी स्वाध्यायन सामग्रीको विकास गरिएको र यस सामग्रीमा पाठको परिचय, उद्देश्य, विषय वस्तु, अभ्यास तथा क्रियाकलाप र पृष्ठपोषण समावेश गरिएको छ ।
- विद्यार्थी भर्ना र छनोट- खुला विद्यालयमा भर्ना हुने विद्यार्थीहरू कक्षा ८ वा सो सरहको परीक्षा उत्तीर्ण गरेको हुनुपर्ने गरी १६ वर्ष उमेर पुगेका व्यक्तिहरू कक्षा ९ र १० को शैक्षिक कार्यक्रममा भर्ना भई एसएलसीमा सहभागी हुन सक्नेछन् । यसरी भर्ना हुने विद्यार्थीहरूको यथार्थ अभिलेख नियमित अध्ययन गर्ने विद्यार्थीहरू : Flash I र Flash II मा अनिवार्य रूपमा भर्नुपर्ने व्यवस्था गरिएको छ ।
- सम्पर्क कक्षा सञ्चालन - एक शैक्षिक सत्रमा एक पटकमा दैनिक ५ घण्टा हुने गरी ५ दिनका दरले ७ पटक गरी जम्मा ३५ दिन सम्पर्क कक्षा सञ्चालन गर्नुपर्ने, कम्तीमा १७५ घण्टाको आम्ने साम्ने सम्पर्क कक्षा र १४० ओटा सत्र सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ ।
- श्रव्य पाठ विकास तथा प्रसारण- खुला विद्यालयमा अध्ययन गर्नुपर्ने ८ विषयका १६६ ओटा १५ मिनेटका रेडियो श्रव्य पाठ निर्माण र त्यसको डिभिडी विकास गरी खुला विद्यालयमा पठाउने व्यवस्था गरिएको छ ।
- विद्यार्थी सहायता प्रणाली - विद्यार्थी सहायताअन्तर्गत भर्ना पूर्वको अवधि, भर्ना अवधि, पढाइ अवधि र पढाइ समाप्तिपछिको अवधि गरी चक्रिय चरणको रूपमा प्रत्येक विद्यार्थीहरूलाई संयोजक, विषयगत सहजकर्ताहरू, प्रशासनिक र सहायक कर्मचारीहरू, साथीहरू र परिवारका सदस्यहरूले विद्यार्थी आवश्यकता र चाहनाअनुरूप ट्युसन, सुझाव र सल्लाह जस्ता कार्यमा सहयोग गर्नुपर्ने व्यवस्था गरिएको छ ।

**(ज) दूर शिक्षा पद्धिमा आधारित पेसागत क्षमता विकास कार्यक्रम**

शिक्षकको पेसागत विकासमा प्रत्यक्ष सहयोग पुऱ्याई शिक्षण सिकाइमा सुधार गर्ने कार्यमा सहजीकरण गर्ने जिम्मेवारी पाएका उप-सचिव, शाखा अधिकृत, प्रशिक्षक, विद्यालय निरीक्षक, स्रोत व्यक्ति तथा रोस्टर प्रशिक्षकहरूको निरन्तररूपमा क्षमता अभिवृद्धि गर्नका लागि शैक्षिक जनशक्ति विकास केन्द्र र तोकिएका शैक्षिक तालिम केन्द्रहरूद्वारा दूर शिक्षा पद्धतिमा आधारि ३ महिने अनलाइन/अफलाइन पेसागत क्षमता विकास तालिम कार्यक्रम सञ्चालन गर्ने व्यवस्था गरिएको छ । यसअन्तर्गत मल्टिमिडिया, इमेल, विद्यार्थी शिक्षक, विद्यार्थी विद्यार्थी च्याट सिकाइ फोरमको प्रयोग गरिन्छ । अफलाइन अन्तर्गत मुद्रित र पत्राचार, रेडियो, टेलिभिजन क्यासेट र भिडियो आदिको प्रयोग गरिन्छ । यस कार्यक्रममा पाँच ओटा विषयगत समूह (Themetic Group) पेसागत विकास, विद्यालय व्यवस्थापन, पेसागत सिप, विषयगत (अङ्ग्रेजी, गणित, नेपाली, सामाजिक, स्वास्थ्य जनसङ्ख्या र वातावरण आदि) र सूचना तथा सञ्चार प्रविधि) मा आम्ने साम्ने कार्यशाला ७ दिन, स्वाध्यायन अभ्यास ७८ दिन र सम्पर्क कक्षा ५ दिन गरी जम्मा ९० दिन यो कार्यक्रम सञ्चालन गरिन्छ । विषयगत सहजकर्ता/शिक्षकहरू (Tutors) छनोट गरी गृहकार्य, परियोजना कार्य, नियमितता र लिखित परीक्षा गरी कुल १०० पूर्णाङ्कमा आधारित भई यो कार्यक्रम सञ्चालन गरिन्छ । अन्त्यमा मूल्याङ्कनका आधारमा सहभागीहरूलाई सफलतापूर्वक तालिम पुरा गरेको र आंशिक रूपमा तालिम पूरा गरेको प्रमाणपत्र वितरण गरिने व्यवस्था गरिएको छ ।

**(झ) विश्व विद्यालय तहमा दूर तथा खुला सिकाइ कार्यक्रम**

नेपालमा उच्च शिक्षाअन्तर्गत त्रिभुवन विश्व विद्यालय र पूर्वाञ्चल विश्व विद्यालयद्वारा दूर तथा खुला सिकाइको माध्यमबाट एक वर्षे विएड कार्यक्रम सञ्चालन भइरहेका छन् । त्यसै गरी केही संस्थाहरूले भारतमा स्थापना भएका खुला विश्व विद्यालय तथा खुला विद्यालय मार्फत सम्बन्धन लिएर कार्यक्रम सञ्चालन गरिरहेका छन् । विद्यालय क्षेत्र सुधार योजना (२०६६-२०७२) मा भएको नीतिगत व्यवस्था अनुसार विद्यार्थीहरूको सिकाइ प्रक्रियामा प्रभावकारी रूपमा सघाउ पुऱ्याई ज्ञान र सिपको सुनिश्चितताको लागि शिक्षकहरूको योग्यता तथा पेसागत दक्षता अभिवृद्धि गर्न शैक्षिक जनशक्ति विकास केन्द्र र त्रिभुवन विश्व

विद्यालय शिक्षा शास्त्र सङ्कायबिच सहकार्य गरी माध्यमिक तहका शिक्षकहरू र अन्य सम्बन्धित इच्छुक व्यक्तिहरूका लागि दूर शिक्षा तथा खुला सिकाइमा आधारित तिन बर्से स्नातकोत्तर तह (एमएड) कार्यक्रम सञ्चालन भइरहेको छ । यो कार्यक्रम सानोठिमी शिक्षा क्याम्पस, भक्तपुर, सूर्यनारायण सत्यनारायण मरवैता क्याम्पस, सिरहा, गोरखा शिक्षा क्याम्पस, गोरखा, बुटवल बहुमुखी क्याम्पस, रूपन्देही, सुर्खेत शिक्षा क्याम्पस, सुर्खेत र डडेल्धुरा शिक्षा क्याम्पस, डडेल्धुरा गरी छ ओटा आङ्गिक क्याम्पसहरूमा सेमेस्टर प्रणालीअन्तर्गत नेपाली, पाठ्यक्रम तथा मूल्याङ्कन र स्वास्थ्य विषयमा पठन पाठन भइरहेको छ । विद्यार्थीहरूले सम्बन्धित तहमा प्रवेश पश्चात् तिन पटक क्याम्पसमा सम्पर्क कक्षा, आम्ने साम्ने छलफल, आन्तरिक मूल्याङ्कन र सेमेस्टरको अन्त्यमा परीक्षा सञ्चालन हुने व्यवस्था गरिएको छ ।

**(ञ) दूर शिक्षा तथा खुला विद्यालय सम्बन्धी समस्याहरू**

विभिन्न माध्यमबाट नेपालमा सञ्चालन गरिएको दूर शिक्षा कार्यक्रम कार्यान्वयनको लामो अवधि भएको छ । माध्यमिक तह कक्षा ९ र १० को एक बर्से खुला विद्यालय सञ्चालन अवधि करिब आठ वर्ष मात्र पुरा भएको छ । सञ्चालित कार्यक्रमको प्रकृति, कार्यान्वयन अवस्था र प्राप्तिका आधारमा दूर शिक्षा तथा खुला विद्यालयसम्बन्धी समस्याहरू यस प्रकार छन् :

- विद्युतीय शक्ति तथा सूचना, सञ्चार र प्रविधि (ICT) को अभाव वा न्यूनता
- पूर्वाधार विकास, भौगोलिक विकटता, ग्रामीण परिवेशको अवस्थामा उल्लेख्य सुधार हुन नसक्नु
- संरचनागत, शिक्षणसिकाइसँग सम्बन्धित, सूचना प्रविधिको उपयोग, गुणस्तरको सुनिश्चितता, आर्थिक व्यवस्थापन र संस्कार/संस्कृतिजन्य समस्या रहनु
- विद्यार्थी सहायता प्रणालीमा न्यून सहयोग र पहुँचको कमी
- दूर शिक्षा तथा खुला विद्यालयप्रति आम जनमानसमा सकारात्मक सोचको अभाव-गुणस्तर, सान्दर्भिक र विश्वसनीयतामा कमी
- पर्याप्त स्वाध्यायन सामग्री र सन्दर्भ सामग्रीहरू उपलब्ध हुन नसक्नु र सहभागीहरूको रुचि चाहनाअनुरूप कार्यक्रम जान नसक्नु
- दूर तथा खुला शिक्षा कार्यक्रमको व्यापक प्रचार प्रसार गर्न नसक्नु
- खुला विद्यालय कार्यक्रम कार्यान्वयनमा एकद्वार प्रणाली नहुनु
- निजी क्षेत्रसँग कार्यक्रम सञ्चालन र कार्यान्वयनमा साझेदारी गर्न नसक्नु
- कार्यक्रमलाई गरिबी उन्मुख, समावेशी, समतामूलक र लैङ्गिक उन्मुख (Pro-Poor, inclusive equitable / Pro-Gender) बनाउन नसक्नु
- राजनीतिक प्रतिबद्धताको कमी र विद्यालय तहदेखि विश्वविद्यालय तहसम्म खुला शिक्षा प्रणाली सञ्चालनमा आउन नसक्नु
- कार्यक्रम आपूर्ति ढाँचा (Supply Model) को रूपमा मात्र विकास हुनु
- अनुगमन मूल्याङ्कन संयन्त्र कमजोर हुनु आदि ।

**(ट) समस्या समाधानका उपायहरू**

- सूचना सञ्चार र प्रविधिको विकास गरी दूर तथा खुला सिकाइको प्रयोगमा सुगमता तथा पहुँच र अवसर प्रदान गर्नुपर्ने
- विकासका पूर्वाधारहरूको स्तरोन्नति, भौगोलिक सुगमता र सहरी परिवेशको सिर्जना गर्नुपर्ने
- कार्यान्वयन योग्य संरचनाको निर्माण, शिक्षण सिकाइमा सूचना प्रविधिको उपयोग र गुणस्तरको सुनिश्चितता गरी आर्थिक व्यवस्थापन र संस्कार, संस्कृतिमा सकारात्मकपन ल्याउनुपर्ने
- सङ्गठन र व्यवस्थापन सर्वे (O and M Survey) गरी आवश्यक पर्ने प्रशासनिक र प्राविधिक जनशक्तिको पूर्ति गर्नुपर्ने
- दूर तथा खुला सिकाइमा संलग्न विद्यार्थीहरूलाई प्रशस्त सहयोग गर्नुपर्ने र सहायता पुग्ने सामग्रीको उपलब्धता गराउने सहजकर्ताको उपलब्धता र व्यवस्थापनमा थप सहयोग हुनुपर्ने

- सहभागीहरूको रुचि, चाहनाको कदर गरी आवश्यकता/मागमा आधारित कार्यक्रम निर्माण गर्नुपर्ने
- दूर तथा खुला शिक्षा प्रणालीको सुदृढीकरणका लागि सबै सञ्चार माध्यमको प्रयोग गरी व्यापक प्रचार प्रसार गर्नुपर्ने
- दूर शिक्षा तथा खुला विद्यालय सञ्चालन गर्न एउटा छुट्टै केन्द्रस्तरको दूर तथा खुला सिकाइ केन्द्रको स्थापना गर्नुपर्ने
- दिगो स्रोतको खोजी गरी e-Learning लाई विद्यार्थी मैत्री बनाउनुपर्ने
- निजी क्षेत्रसँग सोझ्दारी गरी शिक्षाबाट वञ्चित समूहको पहुँच अभिवृद्धि गर्नु पर्ने ।
- गरिबी निवारण गर्न सहयोग पुग्ने, समावेशी, समतामूलक र लैङ्गिक समर्थनमुखी (Pro-Poor, inclusive equitable / Pro-Gender) कार्यक्रम बनाउनुपर्ने
- नीतिगत स्पष्टता र राजनीतिक प्रतिबद्धतामा जोड दिनुपर्ने र कक्षा ११ र १२ तथा विश्व विद्यालयको उच्च तहसम्म दूर तथा खुला शिक्षा प्रणाली सञ्चालन हुनुपर्ने
- मागमा आधारित (Demand Drive) कार्यक्रम बनाउनुपर्ने
- अनुगमन मूल्याङ्कन संयन्त्रको विकास गरी दूर तथा खुला सिकाइको प्रभावकारिता अभिवृद्धिमा जोड दिनुपर्ने आदि ।

## निष्कर्ष

दूर शिक्षा तथा खुला विद्यालयमा सञ्चालित सिकाइ पद्धिलाई औपचारिक शिक्षाको परिपूरक र विकल्पको रूपमा लिन सकिन्छ। बदलिँदो विश्व परिवेशअनुरूप सूचना प्रविधिको उपयोग गर्न व्यावहारिक र कामयावी शिक्षाको सुनिश्चित गर्न, शिक्षामा सबैको पहुँच विस्तार गर्न, विद्यालय छाडेका बालबालिका युवा र प्रौढलाई शिक्षाको अवसर प्रदान गर्न र समग्रमा देशको विकासमा टेवा पुऱ्याउन दूर तथा खुला सिकाइ शिक्षाको आवश्यकता अपरिहार्य छ । खुला सिकाइलाई Second Chance of Education पनि भन्ने गरिन्छ । नेपाल सरकार शिक्षा मन्त्रालय शैक्षिक जनशक्ति विकास केन्द्रबाट दूर शिक्षा तथा खुला विद्यालयसम्बन्धी हाल सञ्चालनमा रहेका कार्यक्रमहरूलाई पुनर्मूल्याङ्कन गरी निरन्तरता दिनुपर्ने वा नपर्ने निर्क्योल गरी प्रभावकारी योजना बनाई दीर्घकालीन सोचका साथ आवश्यकतामुखी, सञ्चालन योग्य र कार्यान्वयन गर्न सकिने एवम् लगानीअनुसार प्रतिफल/प्राप्ति निस्कने कार्यक्रम ढाँचाको विकास गर्नु जरुरी छ ।

## सन्दर्भ सामग्री


अशिके, (२०६३). **अनौपचारिक शिक्षा निति, २०६३.** भक्तपुर : लेखक ।

राष्ट्रिय योजना आयोग, (२०७०). **तेरौं योजना (आ.व.२०७०/७१–२०७२/७३) आधार पत्र.** काठमाडौं : लेखक ।

शैजविके, (२०६३). खुला शिक्षा तथा दूर सिकाइ सम्बन्धी नीति २०६३. भक्तपुर : लेखक ।

शैजविके, (२०६७). **खुला विद्यालय सञ्चालन सम्बन्धी कार्यान्वयन पुस्तिका.** भक्तपुर : लेखक,

शैजविके, (२०६७). **माध्यमिक तहको खुला विद्यालय सञ्चालन सम्बन्धी अभिमुखीकरण तालिम पुस्तिका.** भक्तपुर : लेखक ।

शैजविके, (२०६८). **उपसचिव/वि.नि./शाखा अधिकृत/स्रोत व्यक्ति/प्रशिक्षकहरूका लागि अनलाइन/अफलाइन पेसागत क्षमता विकास तालिम सञ्चालन पुस्तिका.** भक्तपुर : लेखक ।

शैजविके, (२०७०). **दूर शिक्षा/खुला सिकाइ कार्यक्रम सञ्चालन सम्बन्धी निर्देशिका.** २०६३ भक्तपुर : लेखक ।

शैजविके, (२०७०). **शैक्षिक वुलेटिन वर्ष १ अङ्क १, २०७०.** भक्तपुर : लेखक ।

शैजविके, (२०७०). **दूर शिक्षा.** भक्तपुर : लेखक ।

सिन्हा, रामस्वरूप; (२०६७). **शैक्षिक परिदृश्य.** काठमाडौं : सोपान मासिक ।

Abrioux,D.A.M.and Ferreira, F. (2009). *Perspectives on distance education: open schooling in the 21st century.* Van Couver : Commonwealth of Learning.

Michael, L. (2010). *Untapped Potential: Seeking library donors among alumni of distance learining programs.* U.K.: Author